श्री

# कन्चनपुर जिल्ला अदालत

## कन्चनपुर

फोन नं.: ०९९-५२१२८६
इमेल info.dckanchanpur@supremecourt.gov.np

प.सं.:०७८/०७९
च.नं. १०८

तहशील शाखा

मिति २०७८।०५।१७

विषयः- लिलाम बढाबढको धरौटी रकम जफत भएको सम्बन्धी सूचना वेवसाइटमा अपलोड गरिदिने सम्बन्धमा।

श्री सर्वोच्च अदालत
सूचना प्रविधि महाशाखा
रामशाहपथ, काठमाण्डौं।

प्रस्तुत विषयमा यस अदालतबाट प्रकाशित भएका दशीका सुनचाँदी समेतको लिलाम बढाबढ स्वीकृत भई सो समान ७ दिन भित्र बाँकी रकम तिरी उठाई नलिएको सम्बन्धी सूचना पाना १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ, प्राप्त भएपछि सम्मानित अदालतको वेबसाइटमा अपलोड गरिदिनु हुन सादर अनुरोध छ।

(महिमानसिंह विष्ट)
तहशीलदार शाखा अधिकृत
तहसिलदार
शा.अ.

श्री

# कन्चनपुर जिल्ला अदालत

## कन्चनपुर

फोन नं.: ०९९-५२१२८६

इमेल info.dckanchanpur@supremecourt.gov.np

प.सं.:०७८/०७९

च.नं. १७६

तहशील शाखा

मितिः- २०७८।०५।१७

विषयः- धरौटी रकम सदर स्याहा गरी बाँकी रकम फिर्ता गरिदिने सम्बन्धमा।

श्री लेखा फाँट,

श्री कन्चनपुर जिल्ला अदालत भीमदत्तनगर।

प्रस्तुत विषयमा यस अदालतबाट बिभिन्न मितिमा भएका फैसला अनुसार विभिन्न मुद्दामा अभियोग पत्रसाथ पेश भै आएका सुनचाँदी समेत लिलाम वढाबढद्वारा बिक्री गर्नु पर्ने भन्ने सूचना बमोजिम मिति २०७८।०५।०१ गते बसेको सुनचाँदी लिलाम बढाबढ समितिमा सबै भन्दा बढी रू.६,७३,०००/- (छ लाख त्रिहत्तर हजार) बोलकबूल गर्ने श्री रोशन शोबले पेश गरेको बोलपत्र स्वीकृत भई ती लिलाम सकार गरेका मालसामान बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र उठाई लैजानु भन्ने विषयक पत्र मिति २०७८।०५।०१ गते निज श्री रोशन सोबलाई नै बुझाई सकेको अवस्थामा निजले सो समय भित्र ती मालसामान उठाई नलिएकोले निजलेले मिति २०७८।०४।२४ मा राखेको धरौटी एकलाख रूपैयाँ मध्ये न्यूनतम मूल्यको १०%ले हुने मूल्य रू.६७,२६३/- (सतसट्ठी हजार दुई सय त्रिसट्ठी) रूपैयाँ कानून बमोजिम जफत भएकोले सो रकम तत्काल राजस्वमा दाखिला गर्नू र बाँकी रू.३२,७३७/- (बत्तीस हजार सात सय सैंतीस) रूपैयाँ निजले कानूनका म्याद भित्र फिर्ता पाऊँ भनी निवेदन दिएका बखत तत्काल निजले निवेदनमा उल्लेख गरेको बैंक खातामा फिर्ता जम्मा गरिदिनु हुन आदेशानुसार अनुरोध छ।

(महिमानसिंह विष्ट)

तहशीलदार शाखा अधिकृत

तहसिलदार

शा.अ.

बोधार्थः- श्री रोशन सोब ( मो.नं.९८४८७३७६८४)

भी.न.पा.४ कन्चनपुरः- तपाईंले राखेको धरौटी रकम मध्ये रू. रू.३२,७३७/- (बत्तीस हजार सात सय सैंतीस) रूपैयाँ तत्काल तपाईंको बैंक खाता नम्बर सहितको निवेदन दिई फिर्ता लैजानु हुन सूचित गरिन्छ।